# करैयामाई गाँउपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## करैया, बारा

# स्थानीय राजपत्र

खण्डः ८ संख्याः ७ मितिः २०८१/११/२३

भाग - २

# करैयामाई गाउँपालिकाको स्थानीय आयोजना बैंक सञ्चालन कार्यविधि,२०८१

करैयामाई गाउँपालिका

# करैयामाई गाउँपालिकाको स्थानीय आयोजना बैंक सञ्चालन कार्यविधि,२०८१

कार्यपालिका बैठकबाट स्वीकृत मितिः २०८१/११/२२गते

## परिच्छेद–१
## प्रारम्भिक

**प्रस्तावनाः**

नेपालको संविधानमा भएको व्यवस्था र संघ तथा प्रदेशको कानून, नीति तथा कार्यक्रम, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन (२०७६) समेतलाई आधार बनाई आवधिक योजना, रणनीतिक योजना एवम् दिगो विकासको लक्ष्यको मार्गचित्र समेतलाई ध्यानमा राखी स्थानीय तहको विकास योजना प्रक्रियालाई व्यवस्थित गर्नु आवश्यक छ । सीमित स्रोतको उचित उपयोग र प्राथमिकताका आधारमा आवधिक योजना, मध्यमकालिन खर्चसंचरना र वार्षिक नीति तथा कार्यक्रमलाई एक अर्कामा तादम्यता मिलाइ स्थानीय तहका योजनाहरुको पहिचान, विश्लेषण, प्राथमिकीकरण र छनौट प्रक्रियालाई सहभागितामूलक, तथ्यपरक र पारदर्शी बनाइ विकास प्रशासनलाई गुणस्तरीय, नतिजामूलक र अनुमानयोग्य बनाउन वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम **"स्थानीय आयोजना बैंक संचालन कार्यविधि, २०८१"** तर्जुमा गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **"स्थानीय आयोजना बैंक संचालन कार्यविधि, २०८१"** रहेको छ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) **"आयोग"** भन्नाले प्रदेशको विषयसँग जोडिएको अवस्थामा प्रदेश योजना तथा निति आयोग र संघको विषयसँग जोडिएको अवस्थामा राष्ट्रिय योजना आयोगलाई सम्झनु पर्छ ।

(ख) **"आयोजना"** भन्नाले तोकिएको उद्देश्य प्राप्त गर्न निश्चित बजेट र समयसीमाभित्र सम्पन्न गर्ने गरी सञ्चालन गरिने विभिन्न विषयक्षेत्रसँग

सम्बन्धित क्रियाकलापहरुको समष्टिलाई सम्झनु पर्छ । यस कार्यविधिको प्रयोजनको लागि उक्त शब्दले संघ, प्रदेश र स्थानीय सरकारले सञ्चालन गर्ने कुनै कार्यक्रम, स्थानीय सरकार सञ्चालन ऐन २०७४ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ बमोजिम स्थानीय तहले सञ्चालन गर्ने आयोजना समेतलाई जनाउनेछ ।

(ग) "**आयोजना बैंक**" भन्नाले आयोजनाको पहिचान, लेखाजोखा, छनौट र प्राथमिकीकरण गरी प्रविष्टि गर्न तयार भएका आयोजनाहरूलाई करैयामाई गाउँपालिकामा स्थापना गरिएको योजना व्यवस्थापन सूचना प्रणाली र सो प्रणालीमा सूचीकृत योजनाहरूको विवरणको संग्रहलाई सम्झनु पर्छ ।

(घ) "**प्रदेश सरकार**" भन्नाले यस कार्यविधिको प्रयोजनका लागि सम्बन्धित प्रदेश सरकार सम्झनु पर्छ ।

(ङ) "**मापदण्ड**" भन्नाले योजना विकास, लेखाजोखा, छनौट तथा प्राथमिकीकरण सम्बन्धी मापदण्डलाई सम्झनुपर्दछ ।

(च) "**स्थानीय तह**" भन्नाले करैयामाई गाउँपालिका सम्झनु पर्छ ।

(छ) "**सचिवालय**" भन्नाले दफा ५ (३) बमोजिमको स्थानीय आयोजना बैंकको सचिवालयलाई जनाउँदछ ।

# परिच्छेद - २

# स्थानीय आयोजना बैंक सम्बन्धी व्यवस्था

**३. स्थानीय योजना बैंकको स्थापना:** (१) प्रदेश योजना आयोग र तथा स्थानीय सरकारहरूमा विद्युतीय सूचना प्रणालीमा आधारित आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीसहितको एक योजना बैंक रहनेछ। तर सुचना व्यवस्थापन प्रणालीको स्थापना नहुँदासम्म पालिकाको सचिवालयले व्यवस्था गरे बमोजिम हुनेछ ।

(२) स्थानीय योजना बैंकको सञ्चालन यस कार्यविधि बमोजिम हुनेछ ।

(३) योजना लागत रु. ३ करोड भन्दा बढीका योजनाहरु योजना बैंकमा प्रविष्ट गर्नु पर्दा प्रदेश र स्थानीय सरकारका वीचमा अन्तर सम्बन्ध देखिने र दोहरोपना नपर्ने गरी प्रष्ट उल्लेख हुनु पर्नेछ।

**४. योजना बैंकमा प्रविष्ट गर्नुपर्नेः** (१) सार्वजनिक लगानी र सार्वजनिक-निजी साझेदारीमा सञ्चालन हुने आयोजनाहरू स्थानीय योजना बैंकमा प्रविष्टि गर्नुपर्नेछ ।

(२) उपदफा (१) बाहेक सार्वजनिक सरोकारका विषयमा निजी लगानी वा विकास साझेदार वा अन्य कुनै क्षेत्र वा संस्थाको लगानीमा सञ्चालन हुने आयोजना समेत अभिलेख प्रयोजनका लागि स्थानीय योजना बैंकमा प्रविष्टि गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमका आयोजनाको सम्बन्धित मन्त्रालय वा निकायले अर्धवार्षिक र वार्षिक प्रगति विवरण स्थानीय योजना बैंकमा अद्यावधिक गर्नुपर्नेछ ।

(४) कुनै आयोजनाको सम्बन्धमा स्थानीय विकास समस्या समाधान समिति वा वडास्तरीय विकास समस्या समाधान समिति तथा स्थानीय विकास प्राधिकरणबाट कुनै विशेष निर्णय भए सोको विवरण समेत सम्बन्धित वडा कार्यालय वा योजना शाखाले स्थानीय योजना बैंकमा अद्यावधिक गर्नुपर्नेछ ।

(५) आयोजनाको विकास तथा कार्यान्वयनका क्रममा तयार हुने आयोजनासँग सम्बन्धित महत्वपूर्ण दस्तावेज र सम्पन्न भएको आयोजनाको विभिन्न चरणका मूल्याङ्कन प्रतिवेदन सम्बन्धित आयोजनाले योजन बैंकमा अभिलेखीकरण गर्नुपर्नेछ ।

(६) योजना शाखाले गरेको अध्ययन, अनुगमन तथा मूल्याङ्कन र प्रगति प्रतिवेदनसँग सम्बन्धित विद्युतीय सूचना प्रणालीमा रहेको विवरण स्थानीय योजना बैंक व्यवस्थापन सूचना प्रणालीमा स्वतः अद्यावधिक हुने गरी दुवै प्रणालीबीच अन्तरआबद्धता कायम गर्नुपर्नेछ ।

**५. स्थानीय योजना बैंक छनौट समितिको गठनः** (१) स्थानीय योजना बैंकको प्रभावकारी सञ्चालन लागि आवश्यक मार्गदर्शन, समन्वय र सहजीकरण गर्न देहाय बमोजिमको एक समिति रहनेछः

| | |
|---|---|
| (क) अध्यक्ष | संयोजक |
| (ख) सम्बन्धित वडा अध्यक्ष | सदस्य |

(ग) आर्थिक प्रशासन शाखा प्रमुख सदस्य
(घ) शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख सदस्य
(ङ) प्राविधिक शाखा प्रमुख, सदस्य
च) योजना तथा अनुगमन शाखा प्रमुख सदस्य – सचिव

(२) योजना बैंक योजना छनौट समितिको काम कर्तव्य देहायबमोजिम हुनेछः

(क)आयोजना/परियोजनाको पृष्ठभूमि, आयोजनाको आवश्यकता/औचित्य, लक्ष्य उद्देश्य तयार गर्ने

(ख) आयोजना/परियोजनाको सबल, कमजोर, सम्भावना र जोखिमका पक्षहरुको मूल्यांकन

(ग) योजना/परियोजनाले समग्र पालिकाको विकासमा पर्ने योगदान (कुन क्षेत्रमा कति/कसरी) नीतिगत तादम्यता (करैयामाई गाउँपालिका/ प्रादेशिक/राष्ट्रिय) को विश्लेषण गर्ने

(घ) योजना कार्यान्वयन कार्ययोजना (क्रियाकलाप, लागत, वित्तीय स्रोत, कार्यान्वयन अवधि, मुख्य जिम्मेवार निकाय, सहयोगी निकाय, जोखिम, उपलब्धि सूचक,अनुगमन सूचक) तयार गर्ने

(ङ) आवश्यकता अनुसार अन्तर तह र निकाय वीच समन्वय र सहजीकरण गर्ने ।

(च) आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक नीति तथा कार्यक्रमबीच समन्वय तथा एकरुपता हुनेगरी व्यवस्था मिलाउने ।

(३) स्थानीय आयोजना बैंकको सचिवालय करैयामाई गाउँपालिकाको योजना शाखामा रहनेछ ।

(४) सचिवालयले सम्बन्धित वडा कार्यालय वा योजना शाखाबाट हुने योजनाको पहिचान तथा विकास, लेखाजोखा र छनोट तथा प्राथमिकीकरण प्रकृयामा सम्पर्क विन्दुका रुपमा कार्य गर्नेछ ।

**६. संघ, प्रदेश र स्थानीय तहका आयोजना बैंकसँगको अन्तरआबद्धताः**
करैयामाई गाउँपालिकाले संघीय आयोजना बैंक, प्रदेश आयोजना बैंक र स्थानीय सरकार आयोजना बैंकबीच आवश्यक सूचना आदान प्रदान हुने गरी अन्तर आबद्धता कायम गर्नु पर्नेछ ।

# परिच्छेद - ३

# स्थानीय योजनाको पहिचान, विश्लेषण र छनौट

**७. आयोजना अवधारणा विकास:** (१) सम्बन्धित वडा कार्यालय वा योजना महाशाखा/शाखाले देहायका क्रियाकलाप गरी आयोजना सोचको विकास गर्नुपर्नेछ:

(क) मौजुदा स्थितिको विश्लेषणका आधारमा आयोजनाको आवश्यकता पहिचान,

(ख) उपलब्ध सूचना तथा तथ्याङ्कको विश्लेषणका आधारमा सम्भावित आयोजनाका विकल्पहरूको खोजी,

(ग) सम्भावित आयोजना विश्लेषण गरी अवधारणा विकास गर्ने ।

**८. अवधारणापत्रको मूल्याङ्कन र स्वीकृति:** (१) तयार भएका योजनाहरूको अवधारणापत्रको विश्लेषण गरी सचिवालयले योजना बैंकमा प्रविष्टीको स्वीकृतिका लागि कार्यापालिकामा सिफारिस गर्नेछ ।

(२) स्थानीय योजना बैंकमा प्रविष्ट भएका आयोजनाको अवधारणापत्र मूल्यांकन र स्वीकृति कार्यपालिकाले गर्नेछ ।

(३) कार्यापालिकाले अवधारणापत्रको लेखाजोखाबाट आवश्यक ठहऱ्याए योजना अवधारणापत्रलाई परिमार्जन सहित पुन: पेश गर्ने गरी फिर्ता पठाउन वा अस्वीकृत गर्न सक्नेछ ।

**९. पूर्वसम्भाव्यता र सम्भाव्यता अध्ययन गराउनु पर्ने:** (१) सम्बन्धित वडा कार्यालय वा योजना शाखाले योजना अवधारणापत्र स्वीकृत भएको योजनाहरुको स्थानीय सरकारले तोकेको मापदण्ड बमोजिम सम्भाव्यता अध्ययन गर्नुपर्नेछ ।

(२) आयोजनाको पूर्वसम्भाव्यता अध्ययन र सम्भाव्यता अध्ययनको स्वीकृत प्रतिवेदन योजना शाखाले स्थानीय योजना बैंकमा प्रविष्टि गर्नु पर्नेछ ।

**१०. विस्तृत अध्ययन गराउनु पर्ने:** (१) सम्भाव्यता अध्ययनबाट उपयुक्त देखिएका आयोजनामध्ये देहायका योजनाको सम्बन्धित वडा कार्यालय वा योजना शाखाले विस्तृत अध्ययन गराउनु पर्नेछ:

(क) पुँजीगत निर्माण आयोजना,

(ख) ठूला पूर्वाधार विकास आयोजना,

(ग) स्थानीय गौरवका आयोजना,

(घ) सामाजिक विकास तथा पूँजी निर्माण आयोजना,

(ङ) समावेशी र सामाजिक उत्थानका आयोगजना,

(२) विस्तृत अध्ययन गरिएका आयोजनाको सम्बन्धित योजना शाखाले विस्तृत आयोजना प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(३) सम्भाव्यता अध्ययन प्रतिवेदन वा विस्तृत आयोजना प्रतिवेदनका आधारमा सम्बन्धित वडा कार्यालय वा योजना शाखाले आयोजना प्रस्ताव तयार गरी स्थानीय योजना बैंकमा प्रविष्टि गर्नु पर्नेछ ।

**११. आयोजना छनौटः** (१) वडा कार्यालय र योजना शाखाहरूले आगामी आर्थिक वर्षको वार्षिक योजनामा समावेश गर्नुपर्ने पहिलो र दोस्रो प्राथमिकताको सूचीबाट आयोजनाहरू छनौट गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम आयोजनाहरूको छनौट गर्दा निम्न विषयहरूलाई आधार मान्नु पर्नेछ ।

(क) वार्षिक नीति तथा कार्यक्रमलाई सम्बोधन गर्ने खालका आयोजनाहरू,

(ख) क्रमागत आयोजनाहरू,

(ग) स्थानीय गौरबका आयोजनाहरू

(घ) भूगोल र विषय क्षेत्रगत सन्तुलन कायम गर्ने,

(ङ) स्थानीय तहको मानवीय र समग्र विकासको अवस्था,

(च) नेपालको संविधानको मौलिक हक र दिगो विकास लक्ष्य अनुसारका आयोजनाहरू,

(छ) स्थानीय सरकारले तोकेका अन्य आधारहरू ।

(३) उपदफा (१) बमोजिम योजनाको छनौट तयार गर्दा देहाय बमोजिम छनौट गर्नु पर्नेछ ।

(क) न्युनतम ५० प्रतिशत योजनाहरू पहिलो प्राथमिकताका योजनाहरू मध्येबाट छनौट गर्नुपर्ने,
(ख) न्युनतम २० प्रतिशत सामाजिक पूँजी निर्माण र भौगोलिक, सामाजिक र आर्थिक लगायतका समुदायलाई समावेश गर्ने आयोजनाहरु हुनुपर्नेछ,
(ग) अन्य ३० प्रतिशत आवधिक योजना र वार्षिक नीति तथा कार्यक्रमले परिकल्पना गरेका नयाँ योजनाहरुको छनौट गर्नपर्नेछ ।

**१२. स्वीकृत भएका आयोजनाको सूची प्रकाशन गर्नुपर्ने:** कार्यपालिकाले योजना बैंकमा प्रविष्टका लागि स्वीकृत गरेका योजनाहरूको विषय क्षेत्रगत सूची तयार गरी सूचना प्रकाशन गर्नुपर्नेछ ।

**१३. वर्गीकरण अनुसार आयोजना प्रविष्टि गर्नुपर्ने:** स्थानीय आयोजना बैंकमा योजना प्रविष्टि गर्दा अनुसूची २ र अनुसूची ३ बमोजिम प्रविष्टि गर्नुपर्नेछ ।

**१४. मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने:** (१) दफा ११ बमोजिमको छनोट भएका योजनाहरुको सूचीमध्येबाट सम्बन्धित योजना शाखाले आवधिका योजना र मध्यमकालीन खर्च संरचनाका सुचकांकका आधारमा आयोजना बैंकबाट प्राप्त योजनाहरुलाई वार्षिक योजनामा समावेश गर्नुपर्नेछ।
(२) उपदफा (१) बमोजिम मध्यमकालीन खर्च संरचना तयार गर्दा प्रस्तावित तथा चालु दुवै आयोजना समावेश गर्नुपर्नेछ ।

**१५. योजनाको प्राथमिकीकरण गर्नुपर्ने:** सम्बन्धित विषयगत समिति वा वडा कार्यालयले मध्यमकालीन खर्च संरचनामा समावेश भएका आयोजनको प्राथमिकीकरण गरी पहिलो प्राथमिकताका योजनाका लागि तोकिएको अवधिमा सम्पन्न गर्न आवश्यक पर्ने स्रोत सुनिश्चित हुने गरी बजेट छुट्याउनु पर्नेछ ।

**१६. बजेट तथा कार्यक्रम प्रस्ताव गर्नुपर्ने:** (१) मध्यमकालीन खर्च संरचनाका आधारमा सम्बन्धित वडा कार्यालय वा योजना शाखाले निर्धारित स्रोतको

सीमाभित्र रही वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरी नीतिगत छलफलका लागि पेश गर्नुपर्ने छ ।

**१७. आयोजनाको छनौटः** (१) सम्बन्धित वडा कार्यालय वा योजना शाखाले पेश गरेको मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रममा नीतिगत छलफल गरी कार्यान्वयनका लागि बजेट तथा कार्यक्रममा समावेश गर्ने आयोजनाको छनौट गर्नेछ ।

**१८. अधुरा आयोजनाको पूनर्मूल्यांकन गर्नुपर्नेः** (१) सम्बन्धित वडा कार्यालय वा योजना शाखाले यो कार्यविधि जारी हुनु पूर्व कार्यान्वयनमा आई अधुरा रहेका आयोजनाको सूची तयार गरी पुनः मूल्यांकन गर्नु पर्नेछ ।

(२) पुनःमूल्याङ्कनबाट कार्यान्वयन गर्न उपयुक्त देखिएका आयोजना मध्यमकालीन खर्च संरचनामा समावेश गरी कार्यान्वयन गर्न सकिनेछ ।

# परिच्छेद -४
# विविध

**१९. विशेष परिस्थितिका आयोजनाः** (१) सम्बन्धित वडा कार्यालय वा योजना शाखाले देहाय बमोजिमका विशेष परिस्थितिका आयोजना यस कार्यविधिले तोकेको प्रकृया पूरा गरी सोझै कार्यान्वयन गर्न सक्नेछन्:

(क) विपद्को अवस्थामा गरिने खोज, उद्दार, राहत तथा पुनःस्थापना र तत्काल गर्नुपर्ने पुनः निर्माण सम्बन्धी आयोजना,

(ख) महामारी नियन्त्रणका लागि तत्काल सम्बोधन गर्नुपर्ने आयोजनाहरू,

(ग) संकटकालीन अवस्थाको सम्बोधन गर्नुपर्ने आयोजनाहरू,

(घ) स्थानीय सरकारले विशेष परिस्थितिमा निर्णय गरी तोकेका अन्य आयोजनाहरू ।

(२) उपदफा (१) बमोजिम सोझै कार्यान्वयन गरिएका आयोजना समेत अभिलेखका लागि स्थानीय आयोजना बैंकमा प्रविष्टि गर्नुपर्नेछ ।

**२०. आयोजना निष्क्रिय हुनेः** (१) आयोजना बैंकमा सूचीकृत भएको कुनै आयोजना पाँच वर्षभित्र कार्यान्वयन हुन नसकेमा स्वतः निष्क्रिय हुनेछ ।



करैयामाई गाउँपालिका

(२) उपदफा (१) बमोजिमको आयोजना पुनःसञ्चालन गर्नु परेमा यस कार्यविधिले तोकेको प्रकृयाबमोजिम पुनः पूर्ण प्रकृयाहरु पुरा गर्नु पर्नेछ ।

**२१. मापदण्ड बमोजिम हुनेः** यस कार्यविधिको कार्यान्वयनका लागि आवश्यक पर्ने प्रक्रिया, मापदण्ड, आधार, सूचक र ढाँचा लगायतका विषयहरू आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १७ बमोजिम तोकेको मापदण्ड अनुसार हुनेछ ।

**२२. सफ्टवेयर तयार गर्नसक्नेः** यस निर्देशिकालाई कार्यान्वयन गर्नका लागि एक आयोजना बैंक सम्बन्धि सफ्टवेयर तयार गरी प्रयोग गर्न सक्नेछ ।

**२३. आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीको सुरक्षा**

आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीको सुरक्षा गर्नु करैयामाई गाउँपालिकाको कर्तव्य हुनेछ | यसका लागि सुरक्षाका निम्न उपायहरू अवलम्बन गर्नुपर्नेछ-

(क) स्थानीय पालिकाले तोकेको व्यक्तिले बाहेक अन्य व्यक्तिले आयोजना बैंकमा प्रविष्ट र अध्यावधिक गर्ने कार्य नगर्ने नगराउने,

(ख) मोबाइल वा साइबर क्याफे आदिबाट आयोजना बैंकमा सूचना प्रविष्ट, सम्पादन, स्वीकृत, पेस लगायतका कार्यहरू नगर्ने नगराउने,

(ग)पासवर्ड समय समयमा परिवर्तन गर्ने गराउने,

(घ) आयोजना बैंक संचालन गरिने कम्प्युटरको नियमित रुपमा सिस्टम अपडेट र भाइरस स्क्यान र फायर वालको व्यवस्था गर्ने गराउने,

(ङ)सूचना प्रणालीको प्रयोग गरेपछि हरेक पटक लग आउट गर्ने गराउने |

**२४. आयोजना बैंकमा पहुँच**

आयोजना बैंकमा भएका योजना र कार्यक्रमहरूको सूचीमा विषय विज्ञ, अनुसन्धानकर्ता, संचार जगत र इच्छुक सबै सर्वसाधारणलाई पहुँच दिनु पर्ने छ | यसका अतिरिक्त प्रदेश नीति तथा योजना आयोगले

तोकेको थप सूचनाहरूमा राष्ट्रिय योजना आयोग, संघीय मन्त्रालयलाई पहुँच दिनु पर्नेछ ।

**२५. बाधा अड्काउ फुकाऊ:** यस कार्यविधिमा कुनै विषयमा थप स्पष्ट गर्नुपर्ने भएमा वा कार्यान्वयनमा कुनै समस्या आइपरेमा समितिले बाधा अड्काउ फुकाउन सक्नेछ ।

**२६. खारेजी र बचाऊ:** (१) स्थानीय ‘योजनाको पहिचान, लेखाजोखा, प्राथमिकीकरण र छनौट सम्बन्धी स्थानीय आयोजना बैंक मार्गदर्शन, यसै कार्यविधी निर्दिशिका अनुसार भए गरिएको मानिने छ ।

(२) उपदफा (१) को मार्गदर्शन बमोजिम भए गरेका काम कारबाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची-१: आयोजना प्रस्ताव वा अवधारणा-पत्रको ढाँचा

१. प्रस्ताव तयार गर्ने कार्यालयको नाम:

२. आयोजनाको परिचय

(क) आयोजनाको नाम

(ख) लक्ष्य

(ग) उद्देश्य

(घ) कार्यान्वयन अवधि- सुरु आ.व. समाप्ति आ.व. :

(ङ) कार्यान्वयन हुने जिल्ला गाउँपालिका/नगरपालिका :

३. योजनाको कुल लागत:

(क) विकास तथा निर्माण लागत

(ख) संचालन लागत

(ग) अन्य लागत

४. वित्तीय स्रोत

५. अपेक्षित प्रतिफल

६. आयोजनाको प्रमुख क्रियाकलाप

७. आयोजनाको वित्तीय र आर्थिक विश्लेषण

८. आयोजना कार्यान्वयन तथा खर्च योजना

९.आयोजना कार्यान्वयनमा आवश्यक जनशक्ति र प्रमुख निर्माण सामग्री

१०. आयोजना संचालन प्रस्ताव

११. संचालन प्रबन्ध

(क) खर्च अनुमान (करिब ३ वर्षको)

(ख) उपभोक्ताबाट संचालन गरिने भए प्रदेश सरकारको सहयोग आवश्यक पर्ने वा नपर्ने

(ग) सम्भावित आय आर्जन (कम्तीमा ३ वर्षको)

कार्यालय प्रमुखको नाम:

दस्तखत:

मिति:

## अनुसूची-२: पूर्वाधार विकास आयोजना (Hardware Program) को विवरण

**क. परिचय**

१. आयोजना पेस गर्ने निकायको नाम :-

२. सम्पर्क व्यक्तिको नाम :-

३. सम्पर्क नम्बर :-

४. इमेल ठेगाना :-

५. आयोजनाको नाम :-

६. कुल लागत :-

७. आयोजना सम्पन्न हुन लाग्ने अनुमानित समय (वर्ष) :-

८. आयोजनाको प्राथमिकता क्रम (अङ्कमा उल्लेख गर्नुहोस्) :-

*[नोटःएउटा आयोजनाको प्राथमिकता क्रम अर्को आयोजनाको भन्दा फरक हुनुपर्ने छ]*

९. आयोजनासँग सम्बन्धित मन्त्रालय वा निकाय :-

१०. आयोजना कार्यान्वयन हुने जिल्ला/हरू :-

११. आयोजना सञ्चालन हुने प्रदेश निर्वाचन क्षेत्र/हरू :-

१२. आयोजना कार्यान्वयन हुने स्थानीय तह/हरू :-

**ख. <u>आयोजना सम्बन्धी जानकारी</u>**

*[कुनै एक कोष्ठमा मात्र चिन्ह लगाउनुहोस्]*

१. आयोजनाको अवस्था:

(क) नयाँ (ख) कार्यान्वयन भइरहेको

२. स्थानीय सरकारको राजस्व वृद्धिका लागि प्रत्यक्ष योगदान गर्छ कि गर्दैन?

(क) गर्छ (ख) गर्दैन

३. आयोजनाले जलवायु परिवर्तन अनुकुलन वा वातावरण संरक्षणमा प्रत्यक्ष योगदान गर्छ कि गर्दैन ?

(क) गर्छ (ख) गर्दैन

४. आयोजनाले उत्पादन, रोजगारी सिर्जना वा आय आर्जनमा प्रत्यक्ष योगदान गर्छ कि गर्दैन ?

(क) गर्छ (ख) गर्दैन

५. स्थानीय तह, निजी क्षेत्र, सहकारी, संघ संस्था, विकास साझेदार, समुदाय आदिको लागत सहभागिता हुन्छ कि हुँदैन ?

(क) हुन्छ (ख) हुँदैन

६. आयोजनाको ५० प्रतिशतभन्दा बढी लाभग्राही समुदाय लोपोन्मुख समुदाय, दलित, मुक्त कमैया, विपन्न, असहाय, महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, आदिवासी/जनजाति, सीमान्तकृत समुदाय, प्रकोप पीडित, हिंसा पीडित, मधेशी समुदाय र लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकमध्ये हुन्छ कि हुँदैन ?

(क) हुन्छ (ख) हुँदैन

७. आयोजनाको सम्भाव्यता अध्ययन, वातावरण परीक्षण प्रतिवेदन र विस्तृत परियोजना प्रतिवेदन तयार भएको छ कि छैन ?

(क) छ (ख) छैन

८. आयोजना कार्यान्वयन गर्न जमिन प्राप्त भएको छ कि छैन ?

(क) छ (ख) छैन

९. आयोजनाबाट बन्ने पूर्वाधार संरचना अपाङ्गतामैत्री हुन्छ कि हुँदैन ?

(क) हुन्छ (ख) हुँदैन

१०. प्रस्तावित आयोजना तलकोमध्ये कुन विषय क्षेत्रमा पर्छ?

(क) यातायात

(ख) कृषि

(ग) उद्योग/व्यापार

(घ) शिक्षा

(ङ) स्वास्थ्य/पोषण

(च) खेलकुद

(छ) ऊर्जा

(ज) खानेपानी तथा सरसफाइ

(झ) फोहोर व्यवस्थापन

(ञ) भवन निर्माण

(ट) वस्ती विकास

(ठ) वन, वातावरण, नदी, जैविक विविधता, चुरे र जलाधार संरक्षण

(ड) पर्यटन

(ढ) विपद् व्यवस्थापन

(ण) सूचना तथा सञ्चार

(त) अन्य आयोजना

योजना पेस गर्ने निकायको तर्फबाट

नाम ................................... हस्ताक्षरः ...............................

पदः ................................... छापः ...................................

## अनुसूची-३: गैर-पूर्वाधार विकास आयोजना (Software Program) को विवरण

**क. परिचय**

१. आयोजना पेस गर्ने निकायको नाम :-

२. सम्पर्क व्यक्तिको नाम :-

३. सम्पर्क नम्बर :-

४. इमेल ठेगाना :-

५. आयोजनाको नाम :-

६. कुल लागत :-

७. आयोजना सम्पन्न हुन लाग्ने अनुमानित समय (वर्ष) :-

८. आयोजनाको प्राथमिकता क्रम (अङ्कमा उल्लेख गर्नुहोस्) :-

*[नोटः एउटा आयोजनाको प्राथमिकता क्रम अर्को आयोजनाको भन्दा फरक हुनुपर्ने छ]*

९. आयोजनासँग सम्बन्धित मन्त्रालय वा निकाय:-

१०. आयोजना कार्यान्वयन हुने जिल्ला/हरू:-

११. आयोजना सञ्चालन हुने प्रदेश निर्वाचन क्षेत्र/हरू:-

१२. आयोजना कार्यान्वयन हुने स्थानीय तह/हरू:-

**ख. आयोजना सम्बन्धी जानकारी**

*[कुनै एक कोष्ठमा मात्र चिन्ह लगाउनुहोस्]*

१. आयोजनाको अवस्था:

(क) नयाँ (ख) कार्यान्वयन भइरहेको

२. स्थानीय सरकारको राजस्व वृद्धि वा स्वास्थ्य र पोषण अवस्थामा सुधारको लागि प्रत्यक्ष योगदान गर्छ कि गर्दैन ?

(क) गर्छ (ख) गर्दैन

३. आयोजनाले जलवायु परिवर्तन अनुकुलन वा वातावरण संरक्षणमा प्रत्यक्ष योगदान गर्छ कि गर्दैन ?

(क) गर्छ (ख) गर्दैन

४. आयोजनाले उत्पादन, रोजगारी सिर्जना वा आय आर्जनमा प्रत्यक्ष योगदान गर्छ कि गर्दैन ?

(क) गर्छ (ख) गर्दैन

५. स्थानीय तह, निजी क्षेत्र, सहकारी, संघ संस्था, विकास साझेदार, समुदाय आदिको लागत सहभागिता हुन्छ कि हुँदैन ?

(क) हुन्छ (ख) हुँदैन

६. आयोजनाको ५० प्रतिशतभन्दा बढी लाभग्राही समुदाय लोपोन्मुख समुदाय, दलित, मुक्त कमैया, विपन्न, असहाय, महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, आदिवासी/जनजाति, सीमान्तकृत समुदाय, प्रकोप पीडित, हिंसा पीडित, मधेशी समुदाय र लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकमध्ये हुन्छ कि हुँदैन ?

(क) हुन्छ (ख) हुँदैन

७. खर्चको शीर्षकसहितको लागत अनुमान तयार भएको छ कि छैन ?

(क) छ (ख) छैन

८. आयोजनाको औचित्य पुष्टि गर्ने कुनै अध्ययन, विश्लेषण, आयोजना प्रस्ताव वा अवधारणापत्र तयार भएको छ कि छैन ?

(क) छ (ख) छैन

९. परम्परागत ज्ञान, सिप, कला र प्रविधिको प्रवर्द्धन हुन्छ कि हुँदैन ?

(क) हुन्छ (ख) हुँदैन

१०. प्रस्तावित आयोजना तलकोमध्ये कुन विषय क्षेत्रमा पर्छ ?

(क) स्वास्थ्य र पोषण

(ख) शिक्षा

(ग) उद्यमशिलता विकास

(घ) श्रम तथा रोजगारी

(ङ) सामाजिक सशक्तिकरण र संरक्षण

(च) भाषा, साहित्य, कला र संस्कृति

(छ) संस्थागत क्षमता विकास

(ज) राजस्व परिचालन र पुँजीगत खर्च

(झ) अनुसन्धान, तथ्याङ्क व्यवस्थापन र अनुगमन तथा मूल्याङ्कन

(ञ) विज्ञान तथा प्रविधि

(ट) विपद् व्यवस्थापन

(ठ) खेलकुद

(ड) सूचना तथा सञ्चार

(ढ) यातायात व्यवस्था

(ण) जनसङ्ख्या तथा बसाइँसराइ

(त) शान्ति सुरक्षा

(थ) सुशासन

(द) सूचना प्रविधि

(ध) अन्य आयोजना

***योजना पेस गर्ने निकायको तर्फबाट***

नाम .................................. हस्ताक्षरः ..............................

पदः .................................. छापः ..................................

## अनुसूची-४: सम्भाव्यता अध्ययन प्रतिवेदनको खाका

### १. कार्यकारी सारांश

आयोजनाको सम्भाव्यताको अध्ययनबाट प्राप्त मुख्य प्राविधिक विशषलेषण, लागत र प्रतिफलको अवस्था, लगानीको स्रोत, कार्यान्वयनका विविध पक्षहरुको सारंश सहितको सिफारिस संलग्न हुनुपर्नेछ ।

### २. आयोजनाको अवस्थित सन्दर्भको विश्लेषण

हालको संस्थागत ढाँचा सहित आयोजनाको सान्दार्भिकताको समिक्षा गर्ने । आयोजना सम्बन्धित क्षेत्र/उप-क्षेत्र र राज्य वा निजी क्षेत्रको सम्बन्धित भूमिकाहरूमा सरकारको नीति र विविध आर्थिक विषयगत क्षेत्रको भुमिकाबारेमा विश्लेषण गर्ने । प्रस्तावित आयोजनाको विगतमा भएका प्रयासहरुको बारेमा संक्षिप्त विवरण उल्लेख गर्ने । प्रारम्भिक वा अघिल्लो अध्ययनका निष्कर्ष, पूर्व-सम्भाव्यता अध्ययन सहित पुन:अवलोकन गर्ने ।

### ३. आयोजना विकल्पहरुको जाँच

प्रस्तावित आयोजनाको तुलनात्मक उत्तमताको विश्लेषण गरी आयोजनामा सुधार गर्न सकिने पक्षहरुसहितको विविरण राख्ने । प्रस्थावित आयोजनाको प्राविधिक, आर्थिक र सेवा प्रवाहको तुलनामा निकतम विकल्पको विश्लेषण समेतको वैकल्पिक आयोजनाहरुको बारेमा विश्लेषण प्रस्तुत गर्ने ।

### ४. बजार मूल्याङ्कन र माग विश्लेषण

प्रस्तावित आयोजनाको विस्तृत मुल्याङ्कन र आयोजना वा आयोजनाको सेवाप्रवाहको मागको विश्लेषण सहितको विवरण उल्लेख गर्ने । सम्भावित नतिजा र खराब अवस्था सहित विभिन्न सम्भावित परिणामहरूलाई प्रतिनिधित्व गर्ने परिदृश्यहरूको पूर्वानुमानको प्रस्तुति दिने। सम्भावित नतिजा र खराब अवस्था सहित विभिन्न सम्भावित परिणामहरूलाई प्रतिनिधित्व गर्ने परिदृश्यहरूको पूर्वानुमानको प्रस्तुति दिने।

### ५. प्राविधिक अध्ययन र परियोजना लागत अनुमान

परियोजनाको इन्जिनियरिङ् र गैर-इन्जिनियरिङ पक्षहरूको प्राविधिक विवरण विस्तृतरुपमा उल्लेख गर्ने । यसले परियोजनाको प्राविधिक सम्भाव्यता र विकल्पहरू मूल्याङ्कन गर्न प्राविधिक र प्राविधिक अध्ययनहरूलाई संक्षेपमा प्रस्तुत गर्ने। विस्तृत अध्ययन सम्भाव्यता अध्ययनमा जोडिनुपर्छ। आयोजना संचालनको लागत अनुमान र क्षेत्रगत लागत इकाइ सहित विस्तृत विवरण प्रस्तुत

गर्ने । प्राविधिक अध्ययन प्रतिवेदन तयार गर्दा नेपाल सरकारले तोकेको मापदण्ड बमोजिमको प्रतिवेदन तयार गर्नुपर्नेछ ।

**६. आर्थिक विश्लेषण वा वित्तीय विश्लेषण**

प्रस्तावित आयोजनाको आर्थिक वा वित्तीय विश्लेषणको विवरण प्रस्तुत गर्ने । जसमा लागत लाभको विश्लेषण, ठूला आयोजनाहरु ५० करोड भन्दा बढीका आयोजनाको हकमा आर्थिक विश्लेषण गर्नुपर्ने छ । आर्थिक वा वित्तीय विश्लेषण गर्दा BC, NPV, IRR र Payback Period विश्लेषण गर्नुपर्नेछ ।

**७. जोखिम विश्लेषण र व्यवस्थापन**

परियोजनाको जोखिमको मुख्य स्रोतहरूको पहिचान गर्ने, आर्थिक सम्भाव्यता र वित्तीय कार्यसम्पादन र तिनीहरूको सम्भावना र प्रभावको मूल्याङ्कन गर्ने। यदि जोखिमहरू अवस्थित छन् भने, न्यूनीकरण र प्रतिक्रियाशील उपायहरू सहित प्रमुख जोखिमहरूको व्यवस्थापन गर्न योजना प्रस्तुत गर्ने।

**८. वातावरणीय र सामाजिक प्रभावहरू**

परियोजनाको वातावरणीय र सामाजिक, दुबै सकारात्मक र नकारात्मक प्रभावहरू बारेमा विश्लेषण गर्ने । वातावरणीय अध्ययन प्रतिवेदनको आवश्यकता हुने आयोजनाको हकमा विस्तृत अध्ययनको संक्षिप्त विवरण प्रस्तुत गर्ने । सम्भाव्यता अध्ययन प्रतिवेदनमा पूर्ण वातावरणीय र सामाजिक प्रभाव मूल्याङ्कनहरू समावेश गर्ने।

**९. कार्यान्वयन र परिचालन व्यवस्था**

परियोजना कार्यान्वयन र/वा सञ्चालनका लागि जिम्मेवार संस्था (हरू) को क्षमताहरूको मूल्याङ्कन प्रस्तुत गर्ने। विस्तृत आयोजना, स्वीकृति, र निर्माणको मुख्य कामहरुको संकेत गर्दै परियोजना कार्यान्वयनको लागि रूपरेखा तयार गरी कार्यतालिका प्रस्तुत गर्ने । आयोजना संचालन, सम्पन्न र सेवाप्रवाहको अवस्थासम्मको स्वामित्व र मर्मत संभारको जिम्मेवारी लागि संगठनात्मक व्यवस्था र जिम्मेवारी बाँडफाँडको प्रारम्भिक खाका तयार गर्ने।

**१०. परियोजना सम्भाव्यता निष्कर्ष**

परियोजनाको प्राविधिक र आर्थिक सम्भाव्यता, यसको दिगोपन र सम्बद्ध जोखिमहरू सम्बन्धी निष्कर्षमा पुग्नको लागि अघिल्लो विश्लेषणका निष्कर्ष सहितको आधारमा आयोजना कार्यान्वयन गर्नका लागि योजना बैंकमा समावेश गर्न उपयुक्त भए वा नभएको निर्क्यौल सहितको सिफारिस गर्नुपर्नेछ ।

## अनुसूची-५: विस्तृत परियोजना प्रतिवेदनको खाका

### १. विषय क्षेत्रगत मूल्याङ्कन

विषय क्षेत्रगत कार्यसम्पादन र प्रवृत्ति, प्रमुख समस्याहरु, अवसर, मुद्दा र अवरोधहरू, क्षेत्र रणनीति र मार्गचित्र, परियोजनाको तर्क र औचित्य आदिको विवरण प्रस्तुत गर्ने ।

### २. परियोजना विवरण

आयोजना परियोजना परिभाषा: भौगोलिक स्थान, सेवाग्राही, परियोजना परिणाम, परियोजना विकल्प र उत्तम विकल्पको चयन, आयोजना ढाँचा ।

### ३. विस्तृत परियोजना अनुसन्धान र सर्वेक्षण

भू-प्राविधिक अध्ययन, जलविज्ञान अध्ययन, टोपोग्राफिक सर्वेक्षण र नक्साङ्कन, सामग्री सर्वेक्षण, बजार सर्वेक्षण, आधारभूत अध्ययन र माग पूर्वानुमान, आदि ।

### ४. विस्तृत ईन्जिनियरिङ् डिजाइन

ईन्जिनियरिङ् परीक्षणहरू, भौतिक मोडेलिङ र कम्प्युटर सिमुलेशनहरू मार्फत लागू हुने अनुसार, भौगोलिक, हाइड्रोलोजिकल, र अन्य प्राविधिक जोखिमहरू मूल्याङ्कन गरेर डिजाइन निर्देशहरू र इन्जिनियरिङ डिजाइन प्यारामिटरहरू। आयोजना डिजाइन, परियोजनाको खाका तयार गर्ने, सपोर्ट पार्टको प्राविधिक डिजाइन, प्राविधिक विशिष्टता, विल अफ क्वान्टिटी र विस्तृत आयोजना संचालन खाका ।

### ५. विस्तृत लागत अनुमान

विभिन्न कम्पोनेन्ट रकमको बिल र सामग्रीको बिल, एकाइ लागत विश्लेषण, लागतको सारांश र व्यय वर्गहरू द्वारा विस्तृत लागत अनुमानहरू, जस्तै, सिभिल कार्य, मेसिनरी र उपकरण, जग्गा अधिग्रहण, पुनर्स्थापना र पुनर्वास, परामर्श सेवा, भौतिक र मूल्य आकस्मिकहरू, लागू करहरू। (भ्याट, अन्तःशुल्क) ।

### ६. विस्तृत परियोजना तालिका

WBS, कोसेढुङ्गा, मास्टर निर्माण तालिका ।

### ७. कार्यान्वयन योजना

आयोजना कार्यान्वयन रणनीति र कार्यान्वयन व्यवस्था, प्रारम्भ र पूरा हुने मितिहरू सहित परियोजना निर्माण अवधि, कार्यसम्पादन अनुगमन (KPIs प्रयोग गरेर), मूल्याङ्कन र प्रतिवेदन, सरोकारवाला सञ्चार रणनीति, परियोजना व्यवस्थापन सूचना प्रणाली, क्षमता विकास।

**८. लगानीको चरण**

कार्यान्वयन योजना र विस्तृत परियोजना तालिकामा आधारित।

**९. विस्तृत आर्थिक विश्लेषण**

आर्थिक व्यवहार्यता र दिगोपन, परियोजनाको समष्टि आर्थिक प्रभाव; वितरण र गरिबी प्रभाव विश्लेषण।

**१०. वातावरण र सामाजिक प्रभाव अध्ययन र व्यवस्थापन योजना**

नेपाल सरकार र दाताहरूको नियामक आवश्यकता अनुसार।

**११. विस्तृत वित्तीय योजना**

पूँजीगत व्यय, ऋण, इक्विटी, व्यवहार्यता अन्तर।

**१२. जोखिम मूल्यांकन र जोखिम व्यवस्थापन योजना**

निर्माण जोखिम, परिचालन जोखिम, लागत ओभररन, व्यवस्थापन जोखिम, विश्वस्त जोखिम।

**१३. खरिद योजना**

खरिद रणनीति, अनुबंध प्याकेजिङ, खरीद विधि, र खरीद योजना; खरिदका लागि दायरा र सन्दर्भको सर्त (TOR).

**१३. आयोजना संचालन र व्यवस्थापन खाका**

आयोजना संचालन र व्यवस्थापनको लागि विस्तृत खाका तयार गर्ने।

## अनुसूची-६: विषयक्षेत्रगत प्राथमिकताको मुल्याङ्कन

आयोजनाहरूको विषयक्षेत्रगत प्राथमिकताको क्रम र सोको मूल्याङ्कनको अङ्कभार देहाय बमोजिम हुनेछ।

| | |
|---|---|
| (क) यातायात सञ्जाल | १२.० अङ्क |
| (ख) उद्यमशिलता र व्यवसायिक सिप विकास | ११.५ अङ्क |
| (ग) श्रम तथा रोजगारी | ११.० अङ्क |
| (घ) कृषि | १०.५ अङ्क |
| (ङ) उद्योग र वाणिज्य | १०.० अङ्क |
| (च) पर्यटन | ९.५ अङ्क |
| (छ) स्वास्थ्य र पोषण | ९.० अङ्क |
| (ज) खानेपानी तथा सरसफाइ | ८.५ अङ्क |
| (झ) शिक्षा | ८.० अङ्क |
| (ञ) सुशासन र शान्ति सुरक्षा | ७.५ अङ्क |
| (ट) विपद् व्यवस्थापन | ७.० अङ्क |
| (ठ) लैङ्गिकता, सशक्तिकरण, समावेशीकरण, संरक्षण र न्याय | ६.५ अङ्क |
| (ड) राजस्व सुधार | ६.० अङ्क |
| (ढ) संस्थागत क्षमता विकास | ५.५ अङ्क |
| (ण) वन, वातावरण, नदी, जैविक विविधता, चुरे क्षेत्र र जलाधार संरक्षण | ५.० अङ्क |
| (त) अनुसन्धान, तथ्याङ्क, नीति, योजना र अनुगमन तथा मूल्याङ्कन | ४.५ अङ्क |
| (थ) वस्ती विकास | ४.० अङ्क |
| (द) यातायात व्यवस्था | ४.० अङ्क |
| (ध) भाषा, साहित्य, कला र संस्कृति | ४.० अङ्क |
| (न) ऊर्जा | ४.० अङ्क |
| (न) सूचना तथा सञ्चार | ४.० अङ्क |
| (प) विज्ञान तथा प्रविधि | ४.० अङ्क |
| (फ) खेलकुद | ४.० अङ्क |
| (ब) फोहोरमैला व्यवस्थापन | ४.० अङ्क |
| (भ) भवन निर्माण | ४.० अङ्क |
| (म) जनसंख्या र बसाइँसराइ | ४.० अङ्क |
| (य) अन्य आयोजना | ४.०अङ्क |

## अनुसूची-७: स्थानीय आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट गरिने आयोजनाको विवरण सूची

(क) आयोजना सम्बन्धी सामान्य जानकारी

(ख) आयोजनाबारे जानकारी

(ग) भौतिक तथा वित्तीय प्रगति

(घ) आयोजनाको पूर्वतयारी

(ङ) आयोजनाको छनौटका आधारहरु

(च) आयोजना प्राथमिकीकरण अंक

(छ) आयोजना कार्यान्वयनको ढाँचा

(ज) आयोजनाको वित्तीय व्यवस्था

(झ) आयोजनाको व्यवहारिकता

(ञ) भूमि अधिग्रहणको अवस्था

(ट) आयोजनालाई गाभ्न, विस्तार गर्न वा समापन गर्नका लागि औचित्य

(ठ) आयोजनाको जिम्मेवार व्यक्तिको सम्पर्क विवरण

(ड) कैफियत

## अनुसूची-८: आयोजना (प्राथमिकता प्राप्त/ गौरव/स्वर्णिम)

| | |
|---|---|
| आयोजनाको नाम: | |
| ठेगाना: | |
| विषयक्षेत्र :<br>(जस्तै आर्थिक विकास,समाजिक विकास,पूर्वाधार विकास, अन्तरसम्बन्धित क्षेत्र भए क्षेत्रहरु खुलाउने) | |
| परियोजनाको संक्षिप्त परिचय:<br>कहाँ पर्दछ,किन आवश्यक छ ? (छनौट गर्नुको कारण आदि खुलाउने) | |
| आयोजनाको लक्ष्य | |
| आयोजनाको उद्देश्यहरु | |
| आयोजनाका अपेक्षित नतिजा,प्रभाव तथा असर: | |
| प्रमुख क्रियाकलाप : | |
| आयोजनाको अवधि : | |
| आयोजनाको अनुमानित बजेट : | |
| अनुगमन सूचक : | |
| दिगो विकास लक्ष्यसँग आवद्धता: | |
| लैङ्गिक समानता तथा समाजिक समावेशीकरणमा पर्ने प्रभाव/ योगदान:<br>(प्रत्यक्ष/अप्रत्यक्ष/न्यून/शून्य) | |
| वातावरण/पर्यावरण संरक्षणमा योगदान | |



करैयामाई गाउँपालिका

## अनुसूची-९: मार्गदर्शनहरू

१. पाँच वटा प्राथमिकता प्राप्त योजना छनौट गर्दा विकासका पाँच क्षेत्र (आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वातावरण विकास तथा विपद व्यवस्थापन, सुशासन तथा सेवा प्रवाह) लाई आधार मानी छनौट गर्नुपर्नेछ । जुन क्षेत्रको योजना पहिले कार्यान्वयन गर्न आवश्यक छ, त्यो योजनालाई प्रथम, तत् पश्चात दोस्रो गरी छनौट गर्नुपर्नेछ।

२. वडा कार्यालयबाट प्राप्त स्वर्णिम योजना, गौरवका योजना र प्राथमिकता प्राप्त योजनालाई गाउँस्तरीय योजना तथा संघ र प्रदेश सरकार समक्ष माग गर्ने योजनामा समावेश गरी क्रमश कार्यान्वयन गर्न सकिनेछ ।

३. वडा कार्यालयहरुले आगामी आर्थिक वर्षहरुमा योजना छनौट गर्दा यसरी छनौट भएका योजनालाई प्राथमिकतामा राखी छनौट गर्नुपर्नेछ ।

४. योजना छनौट गर्दा वडाका सबै वस्ती, टोलहरु लाभान्वित हुने गरी छनौट गर्नुपर्नेछ ।

५. योजनाको स्वामित्व तथा दिगोपनाको लागि योजना छनौट गर्दा स्थानीय राजनितिक दल, टोल विकास समिति, नागरिक समाज लगायतका संघसंस्थालाई आमन्त्रण गर्न सकिनेछ ।

६. एक पटक प्रस्ताव गरेको योजना विशेष कारण विना संशोधन वा फेरबदल गर्न सकिने छैन ।

७. गाउँस्तरीय गौरवको योजना छनौट गर्दा बढी भन्दा बढी जनसंख्या लाभान्वित हुने, वडा भित्रको उत्पादन र उत्पादकत्व बढ्ने, वडागत विकासको सन्तुलन कायम हुने र सकेसम्म दुईवटा वडालाई छुने गरी छनौट गर्नुपर्नेछ ।

८. योजनाहरु छनौट गर्दा वडा समितिको बैठकबाट निर्णय गरी छान्नु पर्नेछ। उक्त बैठकमा सम्बन्धित वडाका गाउँ कार्यपालिका सदस्यलाई समेत आमन्त्रण गर्नुपर्नेछ ।

## अनुसूची -१०: साझा आधिकारका विषयमा लागतका आधारमा संघ, प्रदेश र स्थानीय तहबाट कार्यान्वयन हुने आयोजना

| क्र.स. | आयोजना संचालन गर्ने तह | आयोजना मापदण्ड |
|---|---|---|
| १. | स्थानीय तह (गाउँ पालिका) | तीन करोडसम्मका आयोजना |
| २. | प्रदेश | क्र.स. १ मा उल्लेखित स्थानीय तहका लागि उल्लेखित सीमा भन्दा माथिका पचास करोड रुपैयाँसम्मका आयोजना |
| ३. | संघ | पचास करोड भन्दा माथिका आयोजना |

***नोट: आयोजना वर्गीकरण आधार तथा मापदण्ड २०८० वमोजिम प्रस्ताव गरिएको ; नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय सिंह दरवार काठमान्डौ वाट जारी***

**प्रमाणित गर्ने**

हस्ताक्षर:

नामः- शम्भु प्रसाद यादव

पदः- करैयामाई गाउँपालिका अध्यक्ष

प्रमाणित मितिः२०८१/११/२३

प्रमाणित कानुन पाना(पेज) संख्याः २४(चौबिस)मात्र अनुसूची सहित

**आज्ञाले**

वीरेन्द्र महतो

नि.प्रमुख प्रशासकीय अधिकृत



करैयामाई गाउँपालिका